# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड को

(कम्पनी ऐन, २०६३ बमोजिम शेयरधनीको दायित्व सिमित हुने गरी स्थापित)

## प्रबन्धपत्र

१. **कम्पनीको नाम:**

यस कम्पनीको नाम **"रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड"** रहनेछ । यस कम्पनीलाई अंग्रेजीमा **"RASUWAGADHI HYDROPOWER COMPANY LIMITED"** भनिने छ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना:**

(१) यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिकामा रहने छ ।

(२) कम्पनीको आयोजना कार्यालय र जल विद्युत केन्द्र रसुवा जिल्ला थुमन र टिमुरे गा.वि.स.हरुमा रहने छ ।

(३) यस कम्पनीको कारोवार गर्ने स्थान काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिकामा रहने छ ।

३. **कम्पनीले गर्ने कारोबारको प्रकृति:**

कम्पनीले जलश्रोत उपयोग गरी विद्युत शक्ति (उर्जा) उत्पादन गरी विक्री वितरण गर्नेछ ।

४. **कम्पनीको उद्देश्य:**

(१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) प्रचलित कानून वमोजिम अनुमतिपत्र प्राप्त गरी रसुवा जिल्लाको भोटेकोशी खोलामा उपलब्ध जलश्रोत उपयोग गरी रसुवागढी जलविद्युत आयोजना निर्माण, संचालन र व्यवस्थापन गर्ने र उक्त आयोजनाबाट उत्पादित विद्युत बिक्री गर्ने ।

(ख सम्भाव्य जलविद्युत आयोजनाको पहिचान गरी अनुमतिपत्र प्राप्त गरी सर्वेक्षण, निर्माण, संचालन र व्यवस्थापन गर्ने र ती आयोजनाहरुबाट उत्पादित विद्युत शक्ति बिक्री गर्ने ।

(ग) विभिन्न जलविद्युत आयोजनाहरुको सर्वेक्षण, निर्माण, संचालन र व्यवस्थापन गर्न अन्य कम्पनीसंग मिली लगानी गर्ने वा नयाँ कम्पनी स्थापना गरी सो कार्य गर्ने ।

(घ) उत्पादित विद्युत शक्ति बिक्री वितरणका निमित्त आवश्यकता अनुसार सवस्टेशन तथा प्रशारण लाईनहरु निर्माण गर्ने र राष्ट्रिय प्रसारण प्रणालीसँग जोडी बिक्री वितरण गर्न आवश्यक व्यवस्था गर्ने ।

(ङ) उत्पादित जलविद्युत शक्ति नेपाल सरकार वा कुनै संगठित संस्थालाई एक मुष्ट बिक्री गर्ने वा प्रचलित कानूनको अधिनमा रही आफ्नै प्रशारण लाइन विकास गरी वा अन्य निकायको प्रशारण लाइन प्रयोग गरी उपभोक्ताहरुलाई बिक्री वितरण गर्ने ।

(च) उत्पादित विद्युत नेपाल सरकार वा अन्य कुनै संगठित संस्थालाई एकमुष्ठ विक्री गर्ने सम्बन्धमा सम्झौता गर्ने ।

(छ) प्रचलित कानून बमोजिम स्वीकृति लिई उत्पादित जलविद्युत विदेशमा निर्यात गर्ने ।

(ज) कँपनीको उद्देश्य प्राप्तिको लागि सहायक कम्पनी संचालन गरी लगानी गर्ने, संगठित संस्थाहरुको शेयर पूँजीमा लगानी गर्ने तथा संगठित संस्था वा उद्योगहरुको प्रवर्धन र विकास गर्ने ।

(झ) जलविद्युत आयोजनाको पहिचान, सर्वेक्षण, निर्माण, संचालन र व्यवस्थापनसँग सम्बन्धित र सहायक हुने अन्य आवश्यक काम गर्ने, गराउने ।

(२) कम्पनीको उपदफा (१) बमोजिम उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नुपर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

## ५. <u>कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:</u>

यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ :–

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्ने,

(ग) कम्पनीको नाममा बैंक तथा वित्तिय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने,

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने,

(ङ) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।

(च) अन्य आवश्यक कुराहरु:

(१) कम्पनीको कार्यालय संचालन गर्न आवश्यक भवन, अन्य पूर्वाधारहरु, विद्युत उत्पादन गर्न आवश्यक पूर्वाधार तथा विद्युत केन्द्र आदि निर्माणको निमित्त आवश्यक जग्गा खरिद गर्ने र आवश्यकता अनुसार कार्यालय भवन, विद्युत केन्द्र र अन्य पूर्वाधारहरु निर्माण गर्ने, गराउने ।

(२) कम्पनीको सम्पत्ती हानी नोक्सानीबाट बचाउन विमा गराउने ।

(३) आवश्यक सामाग्री, उपकरण, सवारी साधन तथा तिनीहरुका पार्टपूर्जा खरिद गर्ने, आयात गर्ने, भाडामा वा सापट लिने, तिनीहरुलाई स्वामित्वमा लिने वा राख्ने आदि ।

(४) कम्पनीको स्वामित्वमा रहेका सामाग्रीहरु, मेशिन, सवारी साधन तथा अन्य उपकरणहरु बिक्री गर्ने वा भाडामा दिने ।

(५) कम्पनीले संचालन गरे जस्तै कामहरु गरी रहेका अन्य संस्था/संगठनसँग सम्झौता गरी मुनाफा बाड्ने गरी काम गर्ने गराउने ।

(६) कम्पनीको उद्देश्य प्राप्तिको लागि सहायक कम्पनी स्थापना गर्ने, संगठित संस्था वा उद्योग प्रवर्धन गर्ने र तिनीहरुमा लगानी गर्ने ।

(७) कम्पनी प्रवर्धन, संस्थापना र दर्ता आदि गर्दा लागेको खर्चको भूक्तानी दिने ।

(८) कम्पनीको संचालन तथा व्यवस्थापनको लागि आवश्यक कर्मचारीहरु नियुक्त गर्ने, तिनीहरुलाई तालीम दिने, तिनीहरुको सेवा, सुविधा र शर्तहरु विनियमावली बनाई व्यवस्थित गर्ने ।

(९) कम्पनीको आर्थिक अवस्थालाई ध्यानमा राखि सामाजिक सेवाहरुमा आवश्यक सहयोग गर्ने ।

(१०) कम्पनीको काम कारवाहीलाई व्यवस्थित गर्न आवश्यक विनियमावली तथा निर्देशिका बनाई लागु गर्ने ।

(११) कम्पनीको उद्देश्य प्राप्तीका लागि आवश्यक र सहयोगी हुने तथा भै परी आउने अन्य कामहरु गर्ने ।

६. **कम्पनीको पूँजीको संरचना:**

कम्पनीको पूँजीको संरचना देहायबमोजिम हुनेछ:-

(क) कम्पनीको अधिकृत पूँजी रु.६,५०,००,००,०००/- (अक्षरेपी छ अर्व पचास करोड रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/- (एक सय रुपैयाँ) दरका ६,५०,००,००० (छ करोड पचास लाख) थान साधारण शेयरमा विभाजन गरिनेछ ।

(ख) कम्पनीको जारी पूँजी रु.५०,००,००,०००/- (अक्षरेपी पचास करोड रुपैयाँ) हुनेछ र सो पूँजीलाई प्रति शेयर रु.१००/- (एक सय रुपैयाँ) दरका ५०,००,००० (पचास लाख) थान साधारण शेयरमा विभाजन गरिनेछ । कम्पनीले अधिकृत पूँजीको सिमा भित्र रही आवश्यकता अनुसार जारी पूँजी बृद्धि गर्न सक्नेछ ।

(ग) कम्पनीका संस्थापकहरुले जारी पूँजी मध्येबाट ५१% ले हुन आउने रकम बराबर तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रु.२५,५०,००,०००/- (अक्षरेपी पच्चीस करोड पचास लाख रुपैयाँ) हुनेछ ।

(घ) कम्पनीले अधिकृत पूँजीको अधिनमा रही शेयर निष्काशन तथा बाँडफाँड गर्दा देहाय बमोजिमको शेयर संरचना कायम हुने गरी गरिनेछ ।

| | | | |
|---|---|---|---|
| १. | **संस्थापक शेयरधनी समुह** | | **: ५१%** |
| - | चिलिमे जलविद्युत कम्पनी लि. | : ३३% | |
| - | नेपाल विद्युत प्राधिकरण | : १८% | |
| २. | **सर्वसाधारण शेयरधनी समुह** | | **: ४९%** |
| - | कर्मचारी सञ्चय कोषमा रकम सञ्चीत गर्ने सञ्चयकर्ता कर्मचारी. | : १९.५% | |
| - | आयोजना प्रभावित रसुवा जिल्लाका स्थानीय वासिन्दा | : १०% | |
| - | सर्वसाधारण | : १५% | |
| - | ऋणदाता संस्थाका कर्मचारी | : १% | |
| - | संस्थापक संगठित संस्था र कम्पनीका कर्मचारी | : ३.५% | |

नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौं

(ङ) खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए पनि संस्थापक समुहको लागि छुट्याइएको चिलिमे जलविद्युत कम्पनीले लिने शेयर मध्ये बढीमा ३% सम्म शेयर रसुवा जिल्लाका स्थानीय निकायलाई दिन सकिने छ ।

(च) खण्ड (घ) बमोजिम छुट्टयाइएको शेयर निष्काशन तथा बाँडफाँड गर्दा कुनै एक उपसमुहले सो उपसमुहलाई छुट्याइएको शेयर सवै लिन नसकेमा वा नलिएमा सोही समुहको अन्य उपसमुहमा बाँडफाँड गरिनेछ र त्यसरी निष्काशन र बाँडफाँड गर्दा पनि शेयर बाँकी रहेमा त्यस्तो सवै बाँकी रहने शेयर चिलिमे जलविद्युत कम्पनीले लिनेछ ।

(छ) संस्थापक समुहको शेयर कुनै संस्थापकले नलिएमा त्यस्तो शेयर चिलिमे जलविद्युत कम्पनीले लिने छ ।

(ज) कम्पनीले आयोजना निर्माण र संचालनको क्रममा आवश्यकता अनुसार पूँजी बृद्धि गर्न सक्नेछ । त्यसरी पूँजी बृद्धि गर्दा कम्पनी ऐन बमोजिम प्रकृया पुरा गरी पूँजी बृद्धि गरिनेछ ।

७. **कम्पनीको शेयरको किसिम:**

(क) कम्पनीले साधारण शेयर मात्र जारी गर्नेछ ।

(ख) अन्य कुनै प्रकारको शेयर जारी गर्ने व्यवस्था गरिएको छैन ।

८. **शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा:**

(क) कम्पनीको शेयर प्रचलित कानूनको अधिनमा रहि व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई विक्री गर्न सकिनेछ ।

(ख) कम्पनीको शेयर चल सम्पत्ति सरह प्रचलित कानूनको अधिनमा रहि खरिद बिक्री वा हस्तान्तरण गर्न सकिने छ ।

(ग) सर्वसाधारणमा शेयर जारी गरेपछि शेयर सूचिकरण गराई प्रचलित कानून बमोजिम धितोपत्र बजार मार्फत कारोवार हुने व्यवस्था मिलाईने छ ।

९. **शेयरको रकम भुक्तानीका शर्तहरु:**

शेयरको रकम भुक्तानी सम्बन्धी शर्तहरु देहाय बमोजिम हुनेछन्:-

(क) कम्पनीले आफ्नो आवश्यकतानुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रुपले माग गर्न सक्नेछ ।

(ख) कम्पनीले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(ग) शेयर माग गर्ने, माग गरेको रकम निर्धारित समयावधिभित्र बुझाउने, म्याद थप गर्ने, म्याद दिने आदि कुराहरु नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **दायित्व सीमित हुने :**

यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।

तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेश्रो पक्षसँग गरेको व्यक्तिगत वा संस्थागत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

११. **अन्य आवश्यक कुराहरुः**

(१) कम्पनीको संस्थापना, प्रवर्धन तथा दर्ता गर्दा लागेको सम्पूर्ण खर्चहरु कम्पनीले नै व्यहोर्नेछ ।

(२) कम्पनीको काम कारवाहीको लागि कम्पनीको आफ्नो एउटा छुट्टै छाप हुनेछ र कम्पनीको तर्फबाट तयार पारिने कुनै पनि कागजमा सोही छापले प्रमाणित गरिने छ ।

(३) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने व्यवस्था गरिएको छैन ।

(४) आयोजनाको अध्ययन, सर्वेक्षण, विस्तृत डिजाइन लगाएतका काममा संस्थापकले खर्च गरेको रकम पूँजीकरण गरी कम्पनीको शेयर दिन सकिनेछ ।

१२. **कम्पनीको प्रकृतिअनुरुप कुनै थप व्यवस्था गर्ने भए सो कुराः**

छैन ।

१३. **प्रबन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्थाः**

यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नुपर्ने भएमा कम्पनी ऐन २०६३ बमोजिम साधारण सभाबाट बिशेष प्रस्ताव पारित गरी सो प्रस्ताव कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ ।

१४. **प्रबन्धपत्र बाझिएको हदसम्म अमान्य हुने :**

यस प्रबन्धपत्रमा लेखिएको कुरा कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानुनसँग बाझिएमा त्यसरी बाझिएका कुराहरु बाझिएको हदसम्म स्वतः बदर वा निष्क्रिय हुनेछ ।

१५. **संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या** ५३८८०० थान :

हामी रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडका संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानुन बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रवन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झूठा ठहरिन गएमा कम्पनी दर्ता पश्चात सृजना हुने

दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रवन्धपत्रमा लेखिएको कुरा साँचो हो, झूठा ठहरे कानुन बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहीछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | बाजेको नाम | नागरिकताको प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला / विदेशी भए राहदानी नं. | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहीछाप | साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|---|
| १. चिलिमे जलविद्युत कम्पनी लिमिटेडको तर्फबाट:<br>दस्तखत:<br>नाम : श्री कुलमान घिसिङ<br>प्रवन्ध संचालक<br>ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, ज्ञानेश्वर ।<br>फोन नं. :<br>ईमेल :<br>पो.ब.नं. :<br>छाप | | | चिलिमे ज.वि.कं.लि.<br>पा.लि.नं. २४०/४२/४३ | १६,५०,००० | १. नाम: माधव प्रसाद कोइराला<br>दस्तखत:<br>ठेगाना: चिलिमे जलविद्युत कम्पनी लिमिटेड, काठमाण्डौं जिल्ला, काठमाण्डौ महानगरपालिका, ज्ञानेश्वर ।<br>दा. बा. | ८००५/२४३५ सि-पुमान्चोक |
| २. नेपाल विद्युत प्रधिकरणको तर्फबाट:<br>दस्तखत:<br>नाम : श्री रामेश्वर यादव<br>नि.कार्यकारी निर्देशक<br>ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, दरबारमार्ग<br>फोन नं. :<br>ईमेल :<br>पो.ब.नं. :<br>छाप | | | | १,००,००० | १. नाम: बद्री नाथ रोका<br>दस्तखत:<br>ठेगाना: धापसी-६, काठमाडौं<br>दा. बा. | ४५०/ स्याङ्जा |

मस्यौदाकार :
अधिवक्ता : होम बहादुर राउत बोगटी
प्र.प.नं. ५३५०
मिति : २०६८।२।१